# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ २८ गते २०३१ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा २ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३० मा उल्लेख भए अनुसारका ग्रामीण तथा घरेलु उद्योगको लागि "तोकिएको अधिकारी" मा "घरेलु उद्योग विभागको निर्देशक" लाई तोकिदिएको छ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

साझेदारी ऐन, २०२० को दफा २ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३० मा उल्लेख भए अनुसारको ग्रामीण तथा घरेलु उद्योगको लागि "तालुक अड्डा" मा "घरेलु उद्योग विभाग" लाई तोकिदिएको छ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव



९५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

कम्पनी ऐन, २०२१ को दफा २ को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३० मा उल्लेख भए अनुसारको ग्रामीण तथा घरेलु उद्योगको लागि "सम्बन्धित विभाग" मा "घरेलु उद्योग विभाग" लाई तोकिदिएको छ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

औद्योगिक व्यवसाय ऐन, २०३० को दफा ६ को उपदफा (२) बमोजिम अनुमति लिनु पर्ने ग्रामीण तथा घरेलु उद्योगको स्थापना गर्न "अनुमति दिने कार्यालय" मा श्री ५ को सरकारले "घरेलु उद्योग विभाग" लाई तोकेको छ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

औद्योगिक व्यवसाय ऐन, २०३० को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०३०।१२।११ देखि सो ऐनमा ग्रामीण तथा घरेलु उद्योगका सम्बन्धमा उल्लेख भए अनुसारको सबै कार्यको लागि "घरेलु उद्योग विभाग" लाई अधिकार प्रत्यायोजन गरेको छ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

९५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।